# विश्व न्याय गृह

रिज्‍वान २०२०

संसारभरिका बहाईहरूका लागि

अति प्रिय मित्रहरू,

हाल प्रकट भइरहेको दुई वास्तविकताहरूले हामीलाई यी शब्दहरूद्धारा तपाईहरूलाई सम्वोधन गर्न उत्प्रेरित गराएका छन् । पहिलो वास्तविकता हो कोरोना भाईरसको महामारीले गर्न सक्ने अस्पष्ट र भयावह खतरा बारे विश्वभरि नै बढ्‍दै गइरहेको चेतना हो । धेरै देशहरूमा, सामुहिक रुपमा दृढता र बहादुरीका साथ आईपर्न सक्ने बिपति हटाउने प्रयासहरू भईरहेका भए पनि त्यहाँका अवस्था गम्भिर छन्, परिवारहरू तथा व्यक्ति व्यक्तिका लागि दुःखपूर्ण अवस्था सृजना भएको छ र पुरै समाजहरू संकटकालीन अवस्थामा डुब्दैछन् । दुःख र संकटका छालहरू एक पछि अर्को ठाउँमा आईरहेका छन् र विभिन्न क्षणमा, विभिन्न तरिकाले, विभिन्न देशहरूलाई कम्जोर बनाउँदैछन् ।

दोस्रो वास्तविकता, जुन दिन दिनै झन झन प्रष्ट हुँदैछ, त्यो हो बहाई विश्वको लचकता र सवल जीवन शक्ति जस्ले जीवनकालमा कहिल्यै सामना गर्न नपरेको चुनौतिको सामना गर्नु परेको छ । प्रत्युत्तर अति प्रशंसनिय छ । जव हामीले नवरुजको अवसरमा तपाईहरूलाई सम्वोधन गरेका थियौं त्यस बेला हामीले आफ्ना कार्यशैलीमा आएको उथलपुथलको बेलामा पनि समुदायहरूले प्रदर्शन गरेका उल्लेखनीय गुणहरूलाई जोड दिन उत्सुक थियौं । त्यस पछिका केहि हप्तामा जे जे भए त्यस अवधीमा मित्रहरूले बढ्‍दै गइरहेका कडा बन्देजहरूको सामना गर्नु पर्‍यो त्यसले तपाईहरू प्रतिको हाम्रो प्रशंसाको भावना झन गहिरो हुन गएको छ । संसारका अरु भागहरूका अनुभवहरूबाट सिकेर केहि समुदायहरूले आफ्ना जनसमुदायको लागि आवश्यक सामुदायिक स्वास्थ्य बारे चेतना बढाउन सुरक्षित र क्रियाशील उपायहरू पत्ता लगाएका छन् । खास ध्यान ती समुदायहरू प्रति केन्द्रित छ जुन कोरोना भाईरसको सबभन्दा खतरामा छन् त्यसको सबभन्दा बढी फैलावटको कारण पैदा भएको आर्थिक संकटको सामना गर्नु परेको छ ; बहाई विश्व समाचार सेवामा प्रकाशित केहि पहलहरू हाल भइरहेका यस्ता अनगिन्ती कदमहरू मध्ये केही मात्र हुन् । यिनीहरूका साथसाथै यस समयमा सवभन्दा आवश्यक आध्यात्मिक गुणहरूलाई अध्ययन गर्ने, प्रवर्धन गर्ने र अभ्यास गर्ने प्रयासहरू परिपुरकको रुपमा भइरहेका छन् । यस्ता कयौं प्रयासहरू पारिवारिक इकाईहरूमा वा एकान्तमा आवश्यकता अनुसार भइरहेका छन् , तर जहाँ परिस्थिति अनुकुल छ वा संचारका उपकरणहरूले सम्भव गराउँछन् ती ठाउँहरूमा समान परिस्थितिको सामना गरिरहेका आत्माहरू वीच आश्चर्यजनक एकताको भावना पैदा भइरहेको छ । सामुदायिक प्रगतिको लागि अति आवश्यक यस्तो सामुदायिक जीवनको गति विद्याको महत्व कम हुने छैन ।

ज्योतिको अथक सैन्यको सेनानीको रुपमा आफ्ना समुदायहरूलाई मार्गदर्शन गरिरहेको र हालको संकटको सामना गर्न राष्ट्रिय आध्यात्मिक सभाहरूले कुशलताका साथ काम गरिरहेको हेर्न पाउँदा हाम्रा भावना उच्च शिखरमा पुगेका छन् । यी सभाहरूलाई सल्लाहकारहरू र तिनका सहायकहरूले सधै जस्तै

वीरताका साथ प्रेमपूर्ण सेवाको ध्वजा उच्च पारिरहेका छन् । आफ्ना देशहरूमा सधैं छिटो छिटो बदलिरहेको परिस्थिति वारे राम्रो जानकारी लिईरहेर यी आध्यात्मिक सभाहरूले प्रभुधर्मको प्रशासनिक कामकार्वाहीको लागि आवश्यक व्यवस्था मिलाएका छन् , खासगरी जहाँ सम्भव छ त्यहाँ निर्वाचनको आयोजना गर्ने काम सम्पन्न गरेर, नियमित संचारद्धारा संस्थाहरूले ज्ञानपूर्ण सल्लाह दिने, सान्त्वनायूक्त आश्वासन र निरन्तर प्रोत्साहन दिने काम गरिरहेका छन् । कयौं अवसरहरूमा तिनीहरूले त्यस्ता रचनात्मक विषयहरू पहिचान गरिरहेका छन् जुन आफ्ना समाजमा शुरु भइरहेका विचार विमर्शबाट उत्पन्न भएका छन् । हामीले नवरुजको सन्देशमा व्यक्त गरेको आकाँक्षा अनुसार मानवताको यो सहनशीलताको परिक्षाको अन्तर्दृष्टि प्राप्त भइसकेको छ । नेताहरू, विशिष्ट चिन्तकहरू, र टिप्पणीकर्ताहरूले आधारभुत सिद्धान्तहरू र साहसिला आकाँक्षाहरू बारे अनुसन्धान गर्दैछन् जुन हालका समयमा सार्वजानिक बहसहरूमा देखिएका छैनन् । अहिलेको अवस्थामा यी शुरु शुरुमा मन्द प्रकाश हुन् , तर तिनीहरूले यस्तो आशा बोकेका छन् कि सामुदायिक चेतनाको क्षण चाँडै प्रकट हुँदैछ ।

बहाई विश्वका कामकार्वाहीमा देखिएको लचकताबाट हामीले प्राप्त गरेको सान्त्वनालाई मानवताले यो महामारीबाट भोग्नु परेको कष्टबाट पैदा भएको उदासिनताले केहि कम गरिदिएको छ । यो दुःखदायी कुरा हो कि हामीलाई थाहा  कि धर्मालम्वीहरू तथा उनीहरूका साझेदारहरू पनि यो दुःख कष्टमा सहभागी छन् । सामुदायिक सुरक्षाका कारण संसारका कयौं मानिसहरूमा आफ्ना मित्रहरू तथा नातेदारहरूबाट टाँढा रहने अवस्थामा छन् र यी मध्ये केहि व्यक्तिहरूको लागि यो विछोड स्थायी हुन जान्छ । प्रत्येक प्रभातकालमा यस्तो आभास पैदा हुन्छ, सुर्यास्तको समय सम्म झन बढि कष्ट व्यहोर्न पर्नेछ । जस्ले आफ्ना प्रियपात्र गुमाएका छन् तिनीहरूको लागि पछि स्थायी जगतमा पुनर्मिलन हुनेछ भन्ने आश्वासनबाट सान्त्वना मिलोस् । हामी तिनिहरूको ह्रदयमा सान्त्वना मिलोस् भनि प्रार्थना गर्दछौं र जस्को शिक्षा जीविकोपार्जन, आवास वा बाँच्ने आधार नै खतरामा पुगेको छ तिनीहरूलाई ईश्वरको कृपाले घेरुन् । तपाईहरू तथा तपाईहरूले लालन पालन गर्नेहरू, र आफ्ना देशवासीहरूको लागि हामी बहाउल्लाह समक्ष उनको कृपा तथा अनुग्रहको लागि याचना गर्दछौं ।

पार गर्नु पर्ने बाटो जति लामो तथा कठीन होओस् हामी तपाईहरूको सहनशक्ति तथा दृढ निश्चयद्धारा यो यात्रा पूरा हुनेछ भन्नेमा अति बिश्वस्त छौं । तपाईहरूले आशा, विश्वास, उदारताको प्रचुर भण्डारबाट प्राप्त वलद्धारा आफ्नो भन्दा अरुका आवश्यकताहरूलाई अगाडी राखेर, आध्यात्मिक वल कम भएकाहरूलाई सक्षम बनाई, जो बढ्दो मात्रामा उत्तरहरूको लागि तिर्खाइरहेकाहरूको सन्तुष्टि, र जो विश्वकै भलाईका लागि काम गर्नेहरूको आवश्यक साधनहरूको चाहना पूरा गर्ने काममा लाग्नुहोस् । वरत सम्पूर्णताका कर्मठ अनुयायीहरूबाट यो भन्दा कम के प्रतिक्षा गर्ने ?

विश्व न्याय गृह